# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, माघ १९ गते २०२६ साल [ अतिरिक्ताङ्क ४६ (क)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन २०१३ (संशोधनसहित) को दफा ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड २२, मिति २०२६।१०।१ अतिरिक्ताङ्क ४६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको खण्ड (ग) को सट्टा निम्नलिखित खण्ड (ग) राखिएको छः–

(ग) १. झापा जिल्ला अदालतमा दायर रहेको देहायका मुद्दाहरू उक्त जिल्ला अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ :–

(१) विष्णुप्रसाद विमली र ईस्वरीप्रसाद चुडाल मरेको ज्यानमुद्दा ।
(२) बुटन चौधरी मरेको ज्यान मुद्दा ।
(३) कर्णबहादुर गौतम मरेको ज्यान मुद्दा ।

२. देहायका मुद्दाहरूको उजुरी लिई कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ :–

१. धर्मप्रसाद ढकाल, ज्ञानेन्द्र ढकाल मरेको ज्यान मुद्दा ।
२. रुद्रकान्त राजवंशी मरेको ज्यान मुद्दा ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

325

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

३५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।